# स्थानीय राजपत्र

सरुमारानी गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः ७, संख्याः ५, चैत्र ०२ गते, २०८० साल**


## भाग-१

## सरुमारानी गाउँपालिका

### खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ खारेजीः-

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (१०२) बमोजिम सरुमारानी गाउँपालिकाको चौधौं गाउँसभाले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ लाई खारेज सम्बन्धी तपशिल बमोजिमो प्रस्ताव मिति २०८०।११।३० गतेको गाउँसभा बैठकबाट स्वीकृत गरेकोले यो ऐन खारेज गरिएको छ ।

**प्रस्तावः** स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवामा पहुँच प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था लगायतका संगठित संस्थाहरुका माध्यमबाट सहज र दिगो रुपमा स्वच्छ तथा गुणस्तरीय खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी सेवा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ बमोजिम यस सरुमारानी गाउँपालिकाको दशौ गाउँ सभाले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ तर्जुमा गरी लागु गरेको थियो ।

उपरोक्त ऐन स्वीकृत भई लागु भए पश्चायत संघीय सरकार र प्रदेश सरकारबाट स्वीकृत खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी कानुन निर्माण भएका र उपरोक्त कानुनहरुसंग उक्त कानुनका धेरै दफा र उपदफाहरुमा संशोधन गर्नु पर्ने र केही विषयहरु थप समेत गर्नु पर्ने भएकोले उपरोक्त विषयहरु थपघट, संशोधन गरी कानुन निर्माण गर्न कठिन भएको र प्राविधिक रुपले पनि उपयुक्त नभएकोले उक्त खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धमा व्यबस्था गर्न बनेको ऐन, २०७८ लाई खारेज गरियोस भनी यो प्रस्ताव स्वीकत गरेको छ ।

प्रमाणिकरण मितिः २०८०।१२।२ गते

आज्ञाले<br>
देविराम पाठक<br>
प्रमुख प्रशासकीय अधिकृत